सुचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकको मार्फत आ.व. २०८१-०८२ को पहिलो त्रैमासिक अवधिमा सम्पन्न गरेका कार्यक्रम/ सेवा प्रवाह

# स्वतः प्रकाशन

**जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

पृष्ठभूमिः

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक तर कानून बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कोहि बाध्य नहुने उल्लेख छ । सोही नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन २०६४ आफ्ना गतिविधिहरुको विवरण तीन-तीन महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ ।यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल आशय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शीता, जवाफदेहिता र विश्वसनियताको लागि नियमित रुपमा विवरण प्रकाशित गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकको आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिक (२०८१ माघ, फागुन र चैतसम्मको) सम्पादित कामको मुख्यमुख्य विवरण प्रस्तुत गरिएको छ ।

## विषयसूची

१. जिल्ला समन्वय समितिको कार्यालय सिन्धुपाल्चोकको

- स्वरुप र प्रकृति
- काम, कर्तव्य र अधिकार
- कर्मचारी संख्या र कार्यविवरण
- प्रदान गरिने सेवा
- शाखा र जिम्मेवार अधिकारी
- निर्णय गर्ने प्रकृया र अधिकार
- ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
- हालसम्म भएका कार्यक्रमहरु

### क) जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृतिः

नेपालको संविधानको धारा २२० मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभाले एक जना प्रमुख, एक जना उप-प्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहितको प्रतिनिधित्व भएको एक जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ ।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकमा सात जना सदस्यसहित प्रमुख, उप-प्रमुख गरेर ९ जना पदाधिकारीहरु हुनुहुन्छ ।

## ख) जिल्ला समन्वय समितिको कार्यालयको काम, कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त जिल्ला सभाको अन्य कास, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) जिल्लाको समग्र विकाससम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ / नगरपालिकामार्फत् कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(२) जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, पर्यटन, तथा वातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुमा गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका, गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(३) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(४) संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबीच एकिकृत योजना प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

(५) जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्यांकन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्तर गाउँपालिका नगरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

(६) जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत, समुदायगत, विषयगत क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने,

(७) जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने, जिल्ला भित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,

(८) जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

(९) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकूद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,

(१०) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिन भित्र प्रतिवेदन पेश गर्ने ।

## ग) जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकमा रहेका पदाधिकारीका/कर्मचारीहरुको संख्या र कार्यविवरणः


जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरणः

| क्र.स. | पदाधिकारीको नाम | पद | सम्पर्क |
|---|---|---|---|
| १ | बालकृष्ण श्रेष्ठ | प्रमुख | ९८४१९०२०५० |
| २ | पदमनाथ नेपाल | उप-प्रमुख | ९८६१९६०३९८ |
| ३ | जित बहादुर कार्की | सदस्य | ९८६०८९४४६२ |
| ४ | अंबिका बस्नेत | सदस्य | ९८४३६५४६२९ |
| ५ | ढकमाया सेतोकोइराला | सदस्य | ९८४१३३९४१५ |
| ६ | तारा नेपाली | सदस्य | ९८६८१७६६४६ |
| ७ | सोममाया श्रेष्ठ | सदस्य | ९८६३३३२७५६ |
| ८ | बिक्रम तामाङ | सदस्य | ९८५१२०७०४८ |
| ९ | बलराम के.सी. | सदस्य | ९८५१३३२०९७ |

<u>जिल्ला समन्वय समितिका कर्मचारीहरुको विवरणः</u>

| क्र.स. | कर्मचारीहरुको नाम | पद/श्रेणी | सम्पर्क |
|---|---|---|---|
| १ | प्रेम प्रसाद न्यौनाने | जिल्ला समन्वय अधिकारी | ९८५१०५१७९९ |
| २ | दीपा प्रधान | शाखा अधिकृत | ९७६७२२८८९२ |
| ३ | प्रशान्त अधिकारी | इन्जिनियर | ९८४९५७०८९८ |
| ४ | विजय साह रौनियार | लेखापाल | ९७०४२९८०६३ |
| ५ | सर्मिला थापा मगर | खरिदार | ९८४८३११०२६ |
| ६ | बुद्ध बहादुर घले | हलुका सवारी चालक | ९८६१३५२७६६ |
| ७ | केशब तामाङ | हलुका सवारी चालक | ९८४३४२७०२२ |
| ८ | देवी प्रसाद अधिकारी | कार्यालय सहयोगी | ९८४३५७२८१० |
| ९ | दिपक पुरी | कार्यालय सहयोगी | ९८४१९८९९३७ |
| १० | छेवाङ तामाङ | कार्यालय सहयोगी | ९८४४१२८५१९ |

## घ) जिल्ला समन्वय समितिको संगठनात्मक संरचनाः




## ङ) जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरुः

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै सङ्घीय र प्रदेश कानुन
- बमोजिमजिल्ला समन्वय समितिले निर्वाह गर्नुपर्ने सबै भूमिका तथा कर्तव्यहरू,
- जिल्लास्थित प्रादेशिक कार्यालयहरु तथा स्थानीय तहहरूबाट सम्पादन भएका योजना तथा
- कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने,
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (ँछ्ळ को मूल्याङ्कन गरी नतिजा सार्वजनिक
- गर्ने,
- जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी निकायहरुको वार्षिक समीक्षा कार्यक्रम आयोजना गर्ने,
- नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण सम्बन्धी अनुगमन तथा निरीक्षण गर्ने,

- वडा बालमैत्री घोषणाका लागि सूचकहरुको आधारमा अनुगमन तथा प्रतिवेदन तयार गर्ने,
- जिल्ला समन्वय समितिबाट सम्पादन गर्नुपर्ने अन्य विविधि कामहरू।

**<u>च) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारः</u>**

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | शाखा प्रमुख | पद |
|---|---|---|---|---|
| १ | सामान्य प्रशासन शाखा | जिल्ला समन्वय अधिकारी | दीपा प्रधान | शाखा अधिकृत |
| | भण्डारण शाखा | | | |
| | आर्थिक प्रशासन शाखा | | विजय साह रौनियार | लेखापाल |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | | प्रशान्त अधिकारी | ईञ्जिनियर |

**<u>छ) निर्णय गर्ने प्रकृया र अधिकारः</u>**

- शाखासंग सम्बन्धित नियमित कामहरुको सम्बन्धित फाँटवालाबाट उठेका टिप्पणी जिल्ला समन्वय अधिकारबाट स्वीकृत हुने ।
- जिल्ला समन्वय अधिकारीले समिति वा प्रमुख समक्ष पेश गर्नुपर्ने उपयुक्त ठानेको विषय जिल्ला समन्वय समितिको प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णयबाट हुने ।

**<u>ज) ऐन, नियम विनियम वा निर्देशिकाको सूची</u>**

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- गाउँ/नगर जिल्ला सभा संचालन (कार्यविधि) ऐन, २०७३ (बागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ (बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६ (सङ्घीय सरकार)
- वातावरण संरक्षण नियमावली, २०७७ (सङ्घीय सरकार)

- वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश)
- ढुङ्गा, गिट्टी,बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (नेपाल सरकार)
- नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ (बागमती प्रदेश)
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७७
- प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७८
- संघ, प्रदेश र स्थानीय तह वीच अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७

**झ) सम्पादन गरेका कामको विवरण (मिति २०८१ साल माघ महिनादेखि चैत मसान्तसम्मको त्रैमासिक विवरण)**

आ.व २०८०/८१ मा जिल्ला समन्वय समितिको कार्यालयबाट मौज्दात कोष निर्देशिका -२०७५ अन्तर्गत अनुगमन गरिएका (माघ महिनादेखि चैत मसान्तसम्मको त्रैमासिक योजनाहरुको विवरण)

| क्र.स | योजनाको विवरण | स्थान | योजना अनुगमन गरिएको मिति |
|---|---|---|---|
| १ | गाउँपालिका भवन निर्माण कार्य | त्रिपुरासुन्दरी गाउँपालिका | १०/०३/२०८२ |
| २ | वडा न २ को स्वास्थ्य कार्यालय घेराबारा | चौतारासाँगाचोक गढी नगरपालिका-२ | १०/०९/२०८१ |
| ३ | श्री सिंहदेवी आधारभूत विद्यालय घेराबारा | चौतारासाँगाचोक गढी नगरपालिका-९, | १०/०९/२०८१ |
| ४ | स्वाराथोक खानेपानी निर्माण तथा इन्टेक निर्माण | चौतारासाँगाचोक गढी नगरपालिका-१२ | १०/०९/२०८१ |
| ५ | आंगे डांडाटोल टयांकी निर्माण | चौतारासाँगाचोक गढी नगरपालिका-२ | १०/०९/२०८१ |
| ६ | श्री आदर्श विध्यामन्दिर आ.वि मर्मत | चौतारासाँगाचोक गढी नगरपालिका-९ | १०/०९/२०८१ |
| ७ | मेलचौर पेंन्डिंग पन्धेरी खानेपानी टयांकी निर्माण | सुनकोशी गाउँपालिका-५ | १२/१३/२०८१ |

गत तिन महिनासम्म चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं २,९ र १२ मा विद्यालय निर्माण, घेराबार, स्वास्थ्य कार्यालय घेराबार, त्रिपुरासुन्दरी गाउँपालिकाको भवन निर्माण र सुनकोशी गाउँपालिकाको वडा नं ५ को खानेपानी टयांकी निर्माण कार्यहरु मौजदात कोषबाट लागानी भएको हो।

ञ) जिल्ला समन्वय समितिको वेबसाईट www.dccsindhupalchowk.com

ट) जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण

जिल्ला समन्वय समितिका सबै गतिविधिहरु वेवसाईट, समितिको फेसबुक पेज र कार्यालयको सूचनापाटी मार्फत नियमित रुपमा अद्यावधिक गरी सूचना प्रबाह गर्ने गरिएको ।

धन्यवाद!